आज मिति २०७४ साल वैशाख १९ गते मंगलबारका दिन मेचीनगर नगरपालिकाका नगरप्रमुख तथा कार्यकारी अधिकृत श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको वोर्ड बैठक निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

नगरप्रमुख तथा कार्यकारी अधिकृत : श्री पशुपति खतिवडा

**आमन्त्रित**

सामुदायिक विकास अधिकृत : श्री अनन्त प्रकाश बस्ती

लेखा अधिकृत : श्री राजन कुमार भेटवाल

ईन्जिनियर : श्री कमल प्रसाद कोइराला

ईन्जिनियर : श्री ईन्द्र बहादुर थापा

नायब सुव्बा : श्री जीवनाथ रेग्मी

**निर्णय नम्बर १ (एक)**

मेचीनगर नगरपालिकाले सम्पादन गरेका योजना सहितको सेवा प्रवाहसँग सम्वन्धित रहेर सेवा प्रदायक संस्था सामुदायिक विकास मञ्चले कार्य सम्पन्न गरेको आ. व. २०७३/०७४ को दोश्रो चौमासिकको सार्वजनिक सुनुवाईको प्रतिवेदन आजको बैठकमा पेश गरियो । पेश भएको उक्त प्रतिवेदनमा उठेका सवालहरु, पेश भएका सुझावहरु र नगरपालिकाका तर्फबाट गरिएका प्रतिवद्धताहरु क्रमस कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।